# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

भरतपुर, चितवन, नेपाल

पो.बक्स नं. ३४, फोन नं. ०५६-५२४५०१, फ्याक्स नं.०५६-५२३७४७, वेभसाइटः **www.bpkmch.org.np**

प.सं. ...........

चलानी नं.

## वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल, चितवनको

## कार्यकारी निर्देशक नियूक्ति प्रयोजनका लागि गठित सिफारिस समितिको दरखास्त आव्हान सम्वन्धी सुचना

वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन ,२०५३ को दफा १२ तथा वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल कार्यसञ्चालन तथा व्यवस्थापन नियमावली ,२०६६ को नियम १४ र १५ मा भएको व्यवस्था बमोजिम अस्पतालको रिक्त हुने कार्यकारी निर्देशक पदमा नियुक्ति प्रयोजनको लागि योग्यता पुगेका चिकित्सकलाई आवेदन दिने अन्तिम दिनसम्म ऐ.ऐ.नियमावली बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट देहायका विवरणहरु संलग्न गरी वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिको अध्यक्षको सचिवालय, चितवन वा स्वास्थ्य मन्त्रालय स्थित अस्पतालको सर्म्पक कार्यालयमा शिलवन्दी गरी सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र कार्यालय समयभित्र दरखास्त आवेदन पेश गर्ने गरी आवेदन माग गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**आवेदनसाथ संलग्न हुनुपर्ने विवरणः**

क) निवेदकको हस्तलिखित निवेदन ।

ख) वैयक्तिक विवरण ।

ग) शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अनुभव र सम्वन्धित विषयसंग सम्वन्धित कृतिहरु भए सो समेत ।

घ) अस्पताल सञ्चालनको कार्ययोजना (अधिकतम दश पेजमा नबढाई) ।